लुम्बिनी साँस्कृतिक नगरपालिका

रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्डः ८ | संख्याः १४ | मितिः २०८१/११/२१ |


भाग-१

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम, लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम "**सरसफाई अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८१**" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ। ।

# सरसफाई अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३० रहेको मौलिक हक अन्तर्गत प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावारणमा बाँच्न पाउने हक हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छासोही अनुरुप लुम्बिनी साँस्कृतिक नगरपालिकाका नागरिकलाई स्वच्छ र स्वस्थ वातावरण निर्माणका लागि फोहरमैलालाई स्रोतमा वर्गीकरण गरी फोहरको न्यूनीकरण, पुनःप्रयोग र विसर्जन कार्य क्षेत्रगत आधारमा सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रसँग सेवा खरिद वा आय ठेक्काको प्रक्रियाबाट समुदायस्तरमा फोहरमैलाको सङ्कलन, ढुवानी तथा व्यवस्थापन गर्नका लागि कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२, फोहोर मैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ को व्यवस्था कार्यान्वयनका लागि नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "सरसफाई अध्ययन केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि लुम्बिनी साँस्कृतिक नगरपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेपछि लागुहुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–**

(क) "कार्यपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगरकार्यपालिका सम्झनुपर्छ।

(ख) "प्रमुख" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ग) "उपप्रमुख" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ङ) "कुहिने फोहर" भन्नाले छिट्टै सड्ने वा गल्ने पदार्थ सम्झनुपर्छ र सो शब्दले जैविक चिजवस्तु प्रयोग गरी बनाइएका कागज र काठलाई समेत जनाउँछ।

(च) "ढुवानी" भन्नाले सङ्कलित फोहरमैला उत्पादन स्थलबाट सरसफाई अध्ययन केन्द्र केन्द्रसम्म वा सरसफाई अध्ययन केन्द्र केन्द्रबाट फोहरमैला विसर्जन स्थल वा नगरपालिकाले फोहोर प्रशोधन केन्द्र सम्म लैजाने कार्य सम्झनुपर्छ।

(छ) "नकुहिने फोहर" भन्नाले छिट्टै सडिगली नजाने वा छिट्टै नकुहिने पदार्थ सम्झनुपर्छ।

(ज) "नगरस्तरीय निर्देशक समिति" भन्नाले दफा २४ बमोजिम गठित नगरस्तरीय निर्देशक समिति सम्झनुपर्छ।

(झ) "निर्माणजन्य फोहरमैला" भन्नाले घर, टहरा तथा भौतिक संरचना निर्माण कार्यमा एकपटक प्रयोग भई उत्सर्जित फोहर; सार्वजनिक स्थलमा अनाधिकृत रूपमा राखिएको वा त्याग गरिएको माटो, ढुङ्गा, ईंटा, बालुवा, काठ, सिमेन्ट, फलाम, सिसा, आल्मुनियम लगायतका निर्माण सामग्री सम्झनुपर्छ र सो शब्दावलीले नदीबाट निस्किएको निर्माणजन्य फोहरमैलासमेत जनाउनेछ।

(ञ) "पटके फोहर" भन्नाले कुनै धार्मिक, साँस्कृतिक कार्य, समारोह, मेला, चाडपर्व,

कार्यक्रमबाट उत्सर्जन हुने फोहरमैला तथा आकस्मिक रूपमा उत्सर्जन हुने फोहरमैला सम्झनुपर्छ।

(ट) “पुनःचक्रीय प्रयोग” भन्नाले प्रविधिको प्रयोगद्वारा सङ्कलित फोहरमैलालाई कच्चा पदार्थमा रूपान्तरण गरी उपयोगी वस्तुको रूपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनुपर्छ।

(ठ) “फोहर उत्पादक” भन्नाले फोहर उत्सर्जन गर्ने जुनसुकै व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ड) “फोहरमैला” भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य  फोहरमैला वा हानिकारक फोहरमैला सम्झनुपर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरू लगायतकापदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरू वा नदी, पोखरीभित्र रहेका फोहरमैला तथा अनधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोस्टर, पम्पलेटर व्यवस्थापक समितिले समय समयमा फोहरमैला भनी तोकिदिएको अन्य वस्तुसमेतलाई जनाउनेछ।

(ढ) “फोहरमैला सङ्कलन” भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घरघरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोस्टर, पम्पलेट उप्काई सङ्कलन गर्ने कार्य सम्झनुपर्छ।

(त) “लिगेसी फोहर” भन्नाले विसर्जन स्थलमा रहेको पुरानो फोहर सम्झनुपर्छ।

(थ) “विद्युतीय फोहर” भन्नाले विद्युत, टेलिफोन तथा इन्टरनेटको तार, मोबाइल, टेलिफोन, रेडियो, टेलिभिजन, ल्यापटपलगायत विद्युतीय उपकरणजन्य सम्झनुपर्छ।

(द) “सार्वजनिक स्थल” भन्नाले सार्वजनिक जग्गा, खोला किनारा, धार्मिक तथा साँस्कृतिक स्थल, पार्क, पुरातात्विक तथा ऐतिहासिक स्थल, पाटी पौवा, फल्चा, खुला स्थल, सडक अधिकार क्षेत्र, चोक, बहाःबहि वा यस्तै प्रकृतिका अन्य स्थल सम्झनुपर्छ।

(ध) “सेवाप्रदायक” भन्नाले यस कार्यविधिबमोजिम फोहरमैला सङ्कलन तथा ढुवानी गर्न अनुमति प्राप्त जुनसुकै व्यक्ति वा संस्था सम्झनुपर्छ।

(न) “स्यानिटरी फोहर” भन्नाले स्वास्थ्य संस्थाबाहेक अन्य स्थानबाट उत्सर्जन हुने स्यानिटरी प्याड, डायपर, मास्क, पञ्जा, सरसफाइमा प्रयोग हुने सामग्री र यस्तै प्रकृतिका अन्य फोहर सम्झनुपर्छ।

(प) “हानिकारक फोहर” भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रूपमा निष्कासित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनुपर्छ।

## परिच्छेद–२

### फोहरमैला सङ्कलन र ढुवानीसम्बन्धी व्यवस्था

**३. फोहरको वर्गीकरणः**

(१) फोहरमैलाको सङ्कलन गर्नुपूर्व फोहरलाई स्रोतमा वर्गीकरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहरको वर्गीकरण देहायबमोजिम हुनेछ :

(क) कुहिने फोहर

(ख) नकुहिने फोहर

(ग) स्यानिटरी फोहर

(घ) हानिकारक फोहर

(ङ) पटके फोहर

(३) उपदफा (२) बमोजिमको फोहरलाई स्रोतमै वर्गीकरण गर्नु प्रत्येक फोहर उत्पादकको दायित्व हुनेछ।

(४) उपदफा (२) बमोजिम वर्गीकरण गरिएको फोहर अलग अलग स्वरूपमै सेवाप्रदायकलाई उपलब्ध गराउनु फोहर उत्पादकको दायित्व हुनेछ।

**४. सङ्कलन विधि, समय र रूट तोकिनेः**

(१) फोहर उत्पादकले उपलब्ध गराएको वर्गीकृत फोहरलाई सेवाप्रदायकले अलग अलग स्वरूपमा सङ्कलन गर्नुपर्नेछ।

(२) फोहर सङ्कलन गर्ने समय र रूट शाखाले तोकेबमोजिम हुनेछ।

(३) सेवाप्रदायकले फोहर सङ्कलन गर्ने सवारी साधनमा वर्गीकृत फोहरलाई छुट्टाछुट्टै राख्न सकिने गरी व्यवस्था मिलाउनुपर्नेछ।

**५. फोहर उत्पादकलाई जानकारी गराउनुपर्नेः**

(१) समितिले फोहरको वर्गीकरण, फोहर सङ्कलन गरिने रूट, समय, विधि, शुल्क, सेवाप्रदायकको विवरण र अन्य कुरा फोहर उत्पादकलाई जानकारी गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउँदा सूचना प्रविधिको प्रयोग गर्न सकिनेछ।

**६. पटके फोहर सङ्कलन गर्नुपर्ने:**

(१) दफा ३ बमोजिम सङ्कलन हुने नियमित फोहरको अतिरिक्त कुनै विशेष समारोह, कार्यक्रम वा चाडपर्वबाट उत्पादन हुने पटके फोहर समेत सङ्कलन गर्नु सेवाप्रदायकको दायित्व हुनेछ।

(२) उपदफा (१) बमोजिमको फोहर सङ्कलन गरे वापत सेवाप्रदायकले नगरपालिकाले तोकेबमोजिमको थप शुल्क लिन सक्नेछ।

**७. सार्वजनिक स्थलको फोहर सङ्कलन गर्नुपर्ने:** सेवाप्रदायकले आफूले जिम्मा पाएको क्षेत्रको सार्वजनिक स्थलहरूमा उत्पादन हुने फोहर बढार्ने, वर्गीकरण गर्ने र सङ्कलन गर्ने कार्य गर्नुपर्नेछ।

**८. फोहरको ढुवानी गर्ने दायित्व:**

(१) सङ्कलन भएको फोहर ढुवानी गरी सरसफाई अध्ययन केन्द्र र सरसफाई अध्ययन केन्द्रसम्म ढुवानी गर्ने दायित्व सम्बन्धित सेवाप्रदायकको हुनेछ।

(२) उपदफा (१) बमोजिम फोहरको ढुवानी गर्दा दफा ३ अनुरूप वर्गीकरण गरिएको अवस्थामा ढुवानी गर्नुपर्नेछ

(३) उपदफा (१) र (२) बमोजिम गर्दा व्यवस्थापक समितिले तोके बमोजिम सरसफाई अध्ययन केन्द्र केन्द्रमा फोहरको मात्रा घटाई सरसफाई अध्ययन केन्द्रसम्म फोहर ढुवानी गर्नुपर्नेछ।

**९. फोहर ढुवानी गर्ने सवारी साधन तोक्नुपर्ने:**

(१) सेवाप्रदायकले फोहर सङ्कलन गरी सरसफाई अध्ययन केन्द्र सम्म र सरसफाई अध्ययन केन्द्र केन्द्रबाट सरसफाई अध्ययन केन्द्रसम्म फोहरमैला ढुवानी गर्दा समितिले तोकेबमोजिमको ढुवानी साधन प्रयोग गर्नुपर्नेछ।

(२) फोहरमैला ढुवानी गर्ने सवारी साधन सफा, चुस्त र प्रदुषणमुक्त हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम फोहरमैला ढुवानी गर्ने सवारी साधन तोक्दा सवारीसाधनको तौल र क्षमता; ढुवानीको तरिका; र सडकको भारवहन क्षमता तथा सडकको चौडाइ समेतलाई आधार लिनुपर्नेछ।

**१०. सुरक्षित तवरले फोहर ढुवानी गर्नुपर्ने:** सेवाप्रदायकले फोहर नदेखिने, नखस्ने र नचुहिने गरी व्यवस्थित तवरले फोहरमैला ढुवानी गर्नुपर्नेछ।

११. **क्षेत्र विभाजन गरिने:**

(१) फोहरमैला सङ्कलन तथा ढुवानी प्रयोजनको लागि व्यवस्थापक समितिले तोकेबमोजिम वडाहरूलाई देहायको आधारमा क्षेत्र विभाजन गर्नेछः

(क) सरसफाई अध्ययन केन्द्र सञ्चालन गर्न जग्गाको उपलब्धता र सहजता,

(ख) फोहर उत्पादन गर्ने घरधुरी स¤्या, फोहरको अनुमानित परिमाण र प्रकृति,

(ग) फोहर सङ्कलन र ढुवानी गर्दा लाग्ने अनुमानित सञ्चालन खर्च र

(घ) व्यवस्थापक समितिले तोकेको अन्य आधार।

(२) व्यवस्थापक समितिले उपदफा (१) बमोजिम तोकिएको क्षेत्र आवश्यकताअनुसार हेरफेर गर्न सक्नेछ।

**परिच्छेद–३**

**सरसफाई अध्ययन केन्द्र सम्बन्धी व्यवस्था**

१२. **सरसफाई अध्ययन केन्द्रमा फोहर सङ्कलन गरिने:**

(१) सेवाप्रदायकले दफा ११ बमोजिम विभाजन गरिएको क्षेत्रबाट वर्गीकृत फोहर सरसफाई अध्ययन केन्द्रमा वर्गीकृत रूपमा नै सङ्कलन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवाप्रदायकले सरसफाई अध्ययन केन्द्रमा सङ्कलन भएको फोहर व्यवस्थापक समितिले तोकेबमोजिम फोहरको परिमाण घट्ने कार्य गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सरसफाई अध्ययन केन्द्रमा फोहोर संकलन गर्नको लागि देहाय बमोजिमको ५ सदस्य सरसफाई अध्ययन केन्द्र व्यवस्थापन समिति गठन हुनेछः

(क) सरसफाई अध्ययन केन्द्र रहेको वडाको वडा अध्यक्ष - संयोजक

(ख) सरसफाई अध्ययन केन्द्रमा फोहर सङ्कलन हुने वडाका वडा सदस्यहरु मध्येबाट व्यवस्थापक समितिको संयोजकले तोकेको वडा सदस्यहरु १ जना महिला अनिवार्य सहित २ जना - सदस्य

(ग) नगर प्रहरी प्रमुख - सदस्य

(घ) वातावरण तथा विपत् व्यवस्थापन शाखा प्रमुख - सदस्य-सचिव

(४) समितिले आवश्यकताअनुसार फोहरमैलासम्बन्धी विज्ञ, सरोकारवाला वा सेवाप्रदायकलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ (५) उपदफा (३) बमोजिमको समितिको बैठक संयोजकले बोलाएअनुसार बस्नेछ।

१३. **सरसफाई अध्ययन केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** सरसफाई अध्ययन केन्द्र व्यवस्थापन  समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सेवाप्रदायकसँग नियमित समन्वय र सम्पर्कमा रही तोकिएको क्षेत्रको फोहर सङ्कलन, सरसफाई अध्ययन केन्द्र केन्द्रमा फोहरको मात्रा घट्ने कार्य गरी विसर्जन स्थलसम्म ढुवानी गर्ने कार्यलाई प्रभावकारी बनाउन आवश्यक सहजीकरण गर्ने,

(ख) फोहरमैला सङ्कलन हुने क्षेत्रका सबै प्रकृतिका फोहर सङ्कलन भए नभएको अनुगमन गर्ने गराउने,

(ग) सार्वजनिक स्थलमा उत्पादन हुने फोहर बढार्ने तथा तोकिए बमोजिम सङ्कलन गर्ने कार्य भए नभएको सुपरिवेक्षण गर्ने र नभएको देखिएमा सेवाप्रदायकलाई गर्न निर्देशन दिने,

(घ) प्रत्येक घरधुरी तथा व्यवसायले उत्पादन गरेको फोहर सङ्कलन भए नभएको र फोहर उत्पादकले तोकिएबमोजिमको सेवा शुल्क भुक्तानी गरे नगरेको अनुगमन गरी समन्वयात्मक भूमिका निर्वाह गर्ने,

(ङ) आफ्नो क्षेत्रको फोहरमैला सङ्कलन तथा ढुवानीसम्बन्धी गुनासो तथा सुझावहरू संबोधन गर्ने,

(च) सरसफाई अध्ययन केन्द्र सञ्चालनबाट स्थानीय समुदाय तथा समग्र वातावरणमा पर्ने नकारात्मक असरको न्यूनीकरण गर्ने गराउने,

(छ) सरसफाई अध्ययन केन्द्रमा सङ्कलन हुने सम्पूर्ण क्षेत्रका फोहर उत्पादकहरूको विवरण, फोहरसम्बन्धी विवरण र फोहरको मात्रा घटाएको र फोहरबाट उत्पादन गरेका वस्तु तथा सेवासम्बन्धी विवरण, संलग्न जनशक्तिको विवरण, प्रयोग गरेको प्रविधि, शुल्क सम्बन्धी विवरण आदिको अभिलेख अद्यावधिक गर्ने,

(ज) श्रोतमा नै फोहरमैला उत्पादन घटाउन फोहर उत्पादक केन्द्रित प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने र

(झ) व्यवस्थापक समितिले  आवश्यकतानुसार अन्य वडा स्तरीय उप समितिहरुको गठन तथा मूल समितिले तोकेका अन्य कार्यहरू गर्ने गराउने ।

**परिच्छेद–४**

**फोहरमैला सङ्कलन तथा ढुवानीमा संलग्न पक्षको दायित्व**

१४. **नगरपालिकाको दायित्वः** फोहरमैला सङ्कलन तथा ढुवानी कार्यमा नगरपालिकाको दायित्व देहायबमोजिम हुनेछः

(क) सरसफाई अध्ययन केन्द्रका लागि जग्गा उपलब्ध गराउने,

(ख) सरसफाई अध्ययन केन्द्रको लागि आवश्यक भौतिक संरचनाको निर्माण गर्ने,

(ग) फोहरमैला ढुवानीमा प्रयोगमा रहेका सवारी साधन तथा उपकरणहरू व्यवस्थापक समितिले तोकेबमोजिम सेवाप्रदायकलाई उपलब्ध गराउने,

(घ) फोहरमैला सङ्कलन तथा ढुवानीसम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) फोहरमैला व्यवस्थापनसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(च) घरधुरी तहमा फोहरमैला सङ्कलनको लागि सदस्यता वितरण कार्यमा सहजीकरण गर्ने,

(छ) फोहरमैला सङ्कलन तथा ढुवानी कार्यको समग्र पक्षमा विद्युतीय माध्यमको प्रयोग गर्ने र

(ज) फोहरमैला सङ्कलन तथा ढुवानीसम्बन्धी कार्यको व्यवस्थित अभिलेख राख्ने ।

१५. **वडा समितिको दायित्व**: फोहरमैला सङ्कलन तथा ढुवानी कार्यमा वडा समितिको दायित्व देहायबमोजिम हुनेछः

(क) वडा क्षेत्रभित्र फोहर सङ्कलन गर्ने समय र प्रक्रियाका बारेमा शाखाबाट जानकारी लिई फोहर उत्पादकलाई सूसुचित गर्ने,

(ख) सेवाप्रदायकलाई फोहरमैला सङ्कलन र ढुवानी कार्यमा सहजीकरण गर्ने,

(ग) सार्वजनिक स्थलको फोहरमैला सङ्कलन र ढुवानी कार्यमा सहजीकरण गर्ने,

(घ) वडा क्षेत्रभित्रका सार्वजनिक स्थलहरूमा उत्पादन हुने फोहरमैलाको सङ्कलन तथा ढुवानी कार्यको नियमित अनुगमन गर्ने

(ङ) व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

१६. **सेवाप्रदायकको दायित्व**: फोहरमैला सङ्कलन तथा ढुवानी कार्यमा सेवाप्रदायकको दायित्व देहायबमोजिम हुनेछः

(क) व्यवस्थापक समितिले तोकेको क्षेत्रबाट शाखाले निधारण गरेको फोहर सङ्कलन तथा ढुवानीसम्बन्धी कार्यतालिका अनुरूप घरधुरी तहबाट फोहरमैला सङ्कलन गर्ने,

(ख) आफूलाई तोकिएको क्षेत्रभित्र पर्ने सार्वजनिक स्थलहरूको फोहर बढार्ने, पानीले पखाल्ने र फोहर वर्गीकरण गरी सङ्कलन तथा ढुवानी गर्ने,

(ग) घरधुरी तहबाट सङ्कलन गरिएको फोहरमैला सरसफाई अध्ययन केन्द्र केन्द्रसम्म र सरसफाई अध्ययन केन्द्र केन्द्रबाट विसर्जन स्थलसम्म व्यवस्थित रूपमा ढुवानी गर्ने,

(घ) फोहर उत्पादकलाई फोहरमैला स्रोतमै वर्गीकरण गरी फोहर घटाउने तौरतरिकाहरूबारे सुसूचित गराउने,

(ङ) शाखाले समय समयमा दिएको निर्देशनको पालना गर्ने,

(च) शाखालाई फोहरमैला सङ्कलन र ढुवानी सम्बन्धमा सम्पादन गरिएका कार्यहरूको विवरण मासिक रूपमा उपलब्ध गराउने

(छ) शाखाले उपलब्ध गराएको विद्युतीय सूचना प्रणालीमा तोकिएको विवरणहरू समावेश गर्ने र अद्यावधिक गर्ने ।

१७. **फोहर उत्पादकको दायित्वः** फोहरमैला सङ्कलन तथा ढुवानी कार्यमा फोहर उत्पादकको दायित्व देहायबमोजिम हुनेछः

(क) आफूले उत्पादन गरेको फोहर आफ्नो घर परिसर भित्र वर्गीकरण गरी अरुलाई असर नगर्ने गरी छुट्टाछुट्टै राखे,

(ख) शाखाले तोकेको स्थान र समयमा आफूले उत्पादन गरेको वर्गीकृत फोहर, फोहर सङ्कलन गर्ने सवारी साधनमा जम्मा गर्ने,

(ग) सम्भव भएसम्म फोहरको उत्पादन घटाउने र कुहिने फोहरलाई मल बनाई बगैंचा, गमला, करेसाबारी, कौसी खेती, खेतबारी समेतमा प्रयोग गर्ने,

(घ) नगरपालिकाले तोकेबमोजिमको फोहरमैला व्यवस्थापन शुल्क बुझाउने,

(ङ) फोहर उत्पादकहरूले आपसी समन्वयमा आफ्नो घरबाट निस्केको फोहर वर्गीकरण गरी फोहर सङ्कलन गर्ने सवारी साधनलाई उपलब्ध गराउने,

(च) फोहरमैला सङ्कलन तथा ढुवानीमा संलग्न भएका सेवा प्रदायकको कार्यप्रति कुनै गुनासो भएमा तुरुन्त शाखा वा नगरपालिकामा सम्पर्क गरी जानकारी गराउने,

(छ) सरसफाइ तथा फोहरमैला व्यवस्थापनसम्बन्धी सार्वजनिक कार्यक्रममा सहभागी हुने र अरुलाई पनि सहभागी हुन आह्वान गर्ने,

(ज) फोहर उत्पादकले कुनै पनि सार्वजनिक स्थलमा फोहर उत्पादन गरेमा तोकिएको स्थानमा तोकिए बमोजिम फोहर जम्मा गर्ने र

(झ) नगरपालिकाले जारी गरेको फोहरमैला व्यवस्थापनसम्बन्धी नीति, कानुन, योजना तथा कार्यक्रम, निर्णय तथा निर्देशन पालना गर्ने ।

**१८. सेवा शुल्क तोक्ने:**

(१) नगरपालिकाले फोहरमैला सङ्कलन तथा ढुवानी गरेबापत फोहर उत्पादकसँग लिने सेवा शुल्क लुम्बिनी साँस्कृतिक नगरपालिकाले आर्थिक ऐन मार्फत् सालबसाली रूपमा तोकेबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क निर्धारण गर्दा फोहर उत्पादक, फोहरको परिमाण र फोहरको प्रकृतिसमेतलाई आधार लिनुपर्नेछ।

(३) नगरपालिकाले विपन्न वा विशेष प्रकृतिका फोहर उत्पादकलाई सेवा शुल्कमा पुरै वा आंशिक छुट दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम लिइने सेवा शुल्कको दर प्रत्येक दुई वर्षमा पुनरावलोकन गरिनेछ।

**१९. सेवा शुल्क सङ्कलन गर्ने प्रक्रिया:**

(१) दफा १८ बमोजिम लिइने सेवा शुल्क नगरपालिका आफैंले वा सेवाप्रदायकमार्फत उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क सङ्कलन गर्दा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिनुपर्नेछ।

(३) फोहर उत्पादकले फोहरको सेवा शुल्क मासिक रूपमा भुक्तानी गर्नुपर्नेछ।

(४) फोहरको सेवा शुल्क अग्रिम रूपमा जम्मा गर्न सक्ने प्रबन्ध गर्न सकिनेछ।

## परिच्छेद – ५

## कसुर, दण्ड तथा सजाय

**२०. कसुर कायम हुने:** तल लेखिएको अवस्थामा तोकिएको प्रावधान पालना नगरिएको पाइएमा फोहोरमैला व्यवस्थापनमा बाधा पुऱ्याएको कसुर मानी नगरपालिकाले प्रचलित कानुनबमोजिम दण्ड सजाय गर्न सक्ने छ।

(क) तोकिदिएको समय र स्थानमा बाहेक अन्यत्र फोहोर फालेमा,

(ख) कन्टेनर वा अन्यत्र जम्मा गरेको फोहोर विना अनुमति प्रयोग गरेमा,

(ग) कुहिने फोहोर राख्न राखिएको कन्टेनरमा नकुहिने फोहोर राखेमा वा नकुहिने फोहोर राख्ने कन्टेनरमा कुहिने फोहोर राखेमा, हानिकारक रसायन, मरेको जीव जन्तु र वातावरणमा अत्यधिक प्रदूषण फैलाउने निषेधित फोहोर फालेमा।

(घ) फोहोरमैला व्यवस्थापनका निम्ति राखिएको कन्टेनर वा अन्य साधन, बिगारेमा, भत्काएमा, तोडफोड गरेमा, राखिएको ठाउँबाट अन्यत्र सारेका वा अरु कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा,

(ङ) घर कम्पाउन्ड, होटल, रेष्टुरेन्ट, उद्योग, कलकारखाना वा व्यवसायबाट निस्केको फोहोर सडक, पेटी, नदी किनारा वा नदी खोला वा यस्तै सार्वजनिक ठाउँमा फालेमा, थुपारेमा

(च) फोहोरबाट निस्कने दूषित पानी (लिचेट), ढल आदि सार्वजनिक ठाउँ वा अन्य घरमा फाले, बगाएमा

(छ) फोहोरमैला संकलन, ढुवानी वा व्यवस्थापनको कुनै पनि चरणमा बाधा पुऱ्याएमा,

(ज) फोहोरमैला उत्पादन गर्ने स्वयंले व्यवस्थापन गर्नुपर्ने भनी नगरपालिकाले तोकेको अस्पताल जन्य फोहोर, हानिकारक रसायन, हानिकारक औद्योगिक फोहोर आदि सार्वजनिक ठाउँमा फालेमा,

(झ) मरेको वा मारेको पशु पन्छी, तिनबाट निस्कने लादी, प्वाँख, हड्डी, माछाको लगायतका फोहोर सार्वजनिक ठाउँमा फालेमा,

(ञ) नगरपालिकाले सार्वजनिक ठाउँमा फाल्न नहुने भनेर तोकेको अन्य कुनैपनि फोहोरमैला तोकेको ठाउँ बाहेक अन्यत्र फालेमा।

२१. **सजाय सम्बन्धी व्यवस्थाः** कसुरको गंभीरता, त्यसबाट सार्वजनिक जीवन र वातावरणमा पर्न सक्ने नकरात्मक प्रभाव हेरी तल लेखिए अनुसारको सजाय गर्न सक्ने छ।

(क) सावधान गराउने।

(ख) नसिहत दिने।

(ग) समय तोकेर सम्बन्धित व्यक्ति वा संस्थाको फोहोर नउठाउने।

(घ) सामान्य कसुर गरेमा पाँच सय देखि पाँच हजार रुपैयाँ सम्म नगद जरिवाना लगाउने।

(ङ) गंभीर प्रकृतिको कसुर (दफा २० को उप दफा (ङ) देखी (') सम्मको कसुर) गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले पहिलो पटक भए ५०००-/(पाँच हजार) रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा ५०००-/ (पाँच हजार) देखि १००००-/ (दश हजार रुपैयाँ)सम्म जरिवाना, तेस्रो पटक र सो भन्दा बढी पटक सोही कसुर गरेमा प्रत्येक पटक १५०००-/(पन्ध्र हजार) का दरले जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्ने छ।

(च) फोहोरमैला व्यवस्थापन ऐन २०६८ को दफा ३९ ले दिएको अधिकार प्रयोग गर्दै नगरपालिकाले गंभीर प्रकृतिको कसुरको निम्ति रु५००००-/ देखि १०००००/(पचास हजारदेखि एक लाख रुपैयाँ) सम्म जरिवाना वा प्रमुख जिल्ला अधिकारीलाई कैद सजायका निम्ति लेखि पठाउन सक्ने छ।

## परिच्छेद–६

### क्षेत्रगत रूपमा फोहरमैला सङ्कलन तथा ढुवानी सम्बन्धी व्यवस्था

**२२. क्षेत्रगत रूपमा फोहरमैला सङ्कलन तथा ढुवानी गरिने:**

(१) दफा ११ बमोजिम विभाजन गरिएको प्रत्येक क्षेत्रलाई एक एकाई मानी नगरपालिका आफैंले वा सेवाप्रदायकमार्फत फोहरमैला सङ्कलन तथा ढुवानी गर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवाप्रदायक मार्फत् फोहरमैला सङ्कलन तथा ढुवानी गर्दा प्रतिस्पर्धात्मक प्रक्रिया बमोजिम गर्नुपर्नेछ

**२३. सूचना प्रकाशन गर्नुपर्ने:**

(१) नगरपालिकाले सेवाप्रदायक मार्फत फोहरमैलाको सङ्कलन तथा ढुवानी गर्दा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम फोहरमैला सङ्कलन र ढुवानी गर्न क्षेत्रगत रूपमा अलग अलग वा एकीकृत रूपमा सूचना प्रकाशन गर्न सक्नेछ।

## परिच्छेद–७

### संस्थागत व्यवस्था

**२४. नगरस्तरीय निर्देशक समिति गठन गरिने:**

(१) फोहरमैला सङ्कलन तथा ढुवानी सम्बन्धी कार्यमा नीतिगत प्रबन्ध गर्न देहाय बमोजिमको नगर स्तरीय निर्देशक समिति गठन गरिनेछ:

| | | |
|---|---|---|
| (क) नगरप्रमुख | - | अध्यक्ष |
| (ख) नगर-उपप्रमुख | - | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (घ) नगरपालिकाको प्रवक्ता | - | सदस्य |

(ङ) लुम्बिनी होटल संघ नेपालको प्रतिनिधि - सदस्य

(च) नगर प्रहरी प्रमुख - सदस्य

(छ) वातावरण तथा विपद् व्यवस्थापन शाखाका प्रमुख - सदस्य सचिव

(२) निर्देशक समितिको बैठक प्रत्येक तीन महिनामा कम्तिमा एकपटक बस्नेछ।

(३) व्यवस्थापक समितिको बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ।

(४) बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

**२५. नगर स्तरीय निर्देशक समितिको काम, कर्तव्य र अधिकारः**

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) फोहरमैला सङ्कलन तथा ढुवानी कार्यको लागि नीतिगत प्रबन्ध मिलाउने,

(ख) दफा ११ बमोजिम फोहरमैला सङ्कलन तथा ढुवानीका लागि क्षेत्रविभाजन गर्ने,

(ग) फोहरमैला सङ्कलन तथा ढुवानीको समग्र कार्यको नियमन गर्ने,

(घ) फोहरमैला सङ्कलन तथा ढुवानी कार्य सम्पादन सम्बन्धमा सरसफाई अध्ययन केन्द्र व्यवस्थापन समिति, वडा समिति, शाखा र सेवाप्रदायकलाई आवश्यक निर्देशन दिने,

(ङ) अन्य स्थानीय तहहरूसँग फोहरमैला सङ्कलन तथा ढुवानी सम्बन्धमा आवश्यक समन्वय तथा साझेदारीसम्बन्धी नीतिगत निर्णय गर्ने,

(च) सम्पादित कार्यहरूको अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने गराउने,

(छ) कार्यपालिकासमक्ष अर्धवार्षिक रूपमा प्रतिवेदन पेस गर्ने र

(ज) नगरपालिकाको नगरसभा तथा कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशन पालना गर्ने गराउने।

**२६. लागत अनुमान तथा सेवा शुल्क अनुमान तयार गर्ने आधारः**

लागत अनुमान तयार गर्दा वा सेवा शुल्कको अनुमान तयार गर्दा देहायको मध्ये कुनै वा सबै आधार लिन सकिनेछः

(क) जिल्ला दररेट

(ख) नगरपालिकाले तोकेको दररेट

(ग) बजार दररेट

(घ) अन्य स्थानीय तहले यस्तै प्रकृतिको कार्यमा प्रयोग गरेको दररेट

(ङ) परामर्शदाताको प्रतिवेदन

२७. **पुनःचक्रीय प्रयोगमा ल्याउन सकिने**:

(१) नगरपालिकाले फोहर उत्पादक वा सेवाप्रदायकसँग कुनै विशेष प्रकृतिको फोहरमैला खरिद गरी पुनःचक्रीय प्रयोगमा ल्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनःचक्रीय प्रयोगमा ल्याउने फोहरमैलाको खरिद तथा बिक्री मुल्य नगरपालिकाले तोक्न सक्नेछ

२८. **सेवा प्रदायकसँगको सम्झौता रद्द हुने**:

(१) सेवाप्रदायकले सम्झौता बमोजिम फोहरमैला सङ्कलन तथा ढुवानीसम्बन्धी सर्तहरूको पालना नगरेमा नगरपालिकाले सम्झौता रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता रद्द गर्नुपूर्व कार्यसम्पादन सन्तोषजनक नभएको, कार्यसम्पादन सुधार गर्नुपर्ने बुँदाहरू र तोकिएबमोजिम सुधार नभएमा सम्झौता रद्द हुने व्यहोरा खुलाई शाखाले सेवाप्रदायकलाई कम्तीमा पन्ध्र दिनको समय दिई पत्राचार गरी सूचना दिनुपर्नेछ।

(३) शाखाले उपदफा (२) बमोजिम पत्राचार गर्दा समेत कार्यसम्पादनमा सुधार नगर्ने सेवाप्रदायकसँगको सम्झौता एकपक्षीय रूपमा रद्द गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम सम्झौता रद्द गरिएको अवस्थामा अर्को सेवाप्रदायक छनोट नभएसम्म साविक सेवाप्रदायकको सवारी साधन तथा मानव संशाधनसमेतको प्रयोग गरी नगरपालिका आफैंले फोहरमैला सङ्कलन तथा ढुवानी कार्य गर्न सक्नेछ।

२९. **सेवाप्रदायकका सफाईकर्मी र कर्मचारीले पालना गर्नुपर्ने आचरण**: फोहरमैला सङ्कलन तथा ढुवानी कार्यमा खटिने सेवाप्रदायकका सफाइकर्मी तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचरण शाखाले तोकेबमोजिम हुनेछ।

(ख) कुहिने फोहर व्यवस्थापन,

(ग) सरसफाई अध्ययन केन्द्रमा अन्तिम फोहर विसर्जन व्यवस्थापन,

(घ) लिगेसी फोहर व्यवस्थापन,

(ङ) निर्माणजन्य फोहरमैला व्यवस्थापन,

(च) नदीजन्य फोहर व्यवस्थापन र

(छ) विद्युतीय फोहर व्यवस्थापन।

३०. **सेवाप्रदायकले विद्युतीय अभिलेख राख्नुपर्नेः** सेवाप्रदायकले शाखाले तोकेको ढाँचामा फोहर सङ्कलन तथा ढुवानी गरेको फोहरको परिमाण र सोबापत प्राप्त आम्दानी तथा खर्च लगायतको विवरणको विद्युतीय अभिलेख राखुपर्नेछ।

## परिच्छेद – ८

**विविधः**

३१. **कार्यविधिको व्याख्याः** यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा असपष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगर कार्यपालिकाले गर्नेछ।

३२. **कार्यविधि संशोधनः** यस कार्यविधिका प्रावधानहरुमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

३३. **बाधा अड्चन फुकाउः** स्थानीय सरकार सन्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ।

आज्ञाले
तारा ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत